परिच्छेद ३

# ३.१ सन्थाल समुदायमा बालबालिकाको शिक्षाको अधिकार : सरोकार र चुनौती

झापा र मोरङ जिल्लामा बसोबास गर्ने सन्थाल (सतार) जातिको सङ्ख्या २०६८ को जनगणना अनुसार ५१ हजार ७ सय ३५ रहेको छ। प्रदेश १ को झापा र मोरङ जिल्लामा सन्थाल जातिका ३७ हजार ८ सय ९१ जना बालबालिका रहेकोमा ८० प्रतिशत बालबालिकाले आधारभूत तहको अध्ययन नै पूरा गरेको पाइँदैन। प्राप्त तथ्याङ्कअनुसार सन्थाल समुदायका २० प्रतिशत बालबालिकाले मात्र आधारभूत तहको शिक्षा पूरा गरेका छन्। तीमध्ये ४ प्रतिशतले माध्यमिक तह पूरा गरेको देखिन्छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा सबैलाई निःशुल्क हुने भनेर सुनिश्चित गरेको छ। तर, सन्थाल समुदायका बालबालिका शिक्षाको अवसर र पहुँचबाट टाढा हुनाले राज्य आफ्नो दायित्वबाट विमुख भएको प्रष्ट देखिन्छ। नेपालका दुई सुदूर पूर्वी जिल्लामा बसोबास गर्दै आएको सन्थाल समुदायमाझ आज आफ्नै भाषा 'ओल चिकी'को प्रचलन बोलिचालीमा मात्र सीमित छ। पण्डित रघुनाथ मुर्मुले सन् १९२५ मा यस भाषाको सुरुवात गरेको भए पनि नेपालमा यसको थप विकास हुन सकेन। तर, बालबालिका घरभित्र र समुदायमा यही भाषाको प्रयोग गर्दछन्। कक्षा कोठामा मातृभाषाको प्रयोगको अभावकै कारण उनीहरू शिक्षकसँग दोहोरो सम्वाद कायम गर्न पनि असमर्थ देखिन्छन्। उनीहरू विद्यालयमा नेपाली भाषामा हुने पठनपाठनमा अल्मलिने गरेको देखिन्छ। सन्थाल जातिका बालबालिकाले अहिलेको समयमा पनि वहुभाषिक शिक्षणको संवैधानिक अधिकारबाट वञ्चित हुनु परेको छ। त्यहीकारण उनीहरूको उच्च शिक्षाको बाटो अवरुद्ध हुँदै आएको छ। उनीहरूको यसप्रकारको अवस्था नेपालको संविधानले किटान गरेको समाजवाद प्राप्तिको लक्ष्यतर्फ राज्यका निकायहरू अझै जबाफदेही हुन नसकेको दृष्टान्त हो।

राज्यका तह तथा निकायहरूको व्यवहार र जिम्मेवारीको अनुगमन गरी तयार गरिएको यस आलेखमा सन्थाल जातिका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न सरोकारवाला निकाय, स्थानीय, प्रदेश र सङ्घीय सरकारका अङ्गहरूको प्रभाकारी परिचालनको अवस्था दर्शाउने उद्देश्यले झापा र मोरङ जिल्लाका सन्थाल जातिका बालबालिकाको शिक्षाको अवस्था बारेको विश्लेषण प्रस्तुत गरिएको छ।

झापा जिल्लाका १ सय १९ ओटा माध्यमिक, २ सय ६४ ओटा आधारभूत विद्यालय र मोरङस्थित १ सय ४७ ओटा माध्यमिक र ३ सय ५८ ओटा आधारभूत विद्यालयमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक अवस्था, सिकाइ उपलब्धि तथा विद्यालय छोड्ने अवस्था तथा कारणहरूको खोजी गर्ने प्रयत्न गर्नुका साथै त्यस क्षेत्रमा सन्थाल समुदायका बालबालिकाको विद्यालय शिक्षामा सहभागिताको विश्लेषण गर्न सरोकारवालासँग अन्तरवार्ता, द्वितीय स्रोतमार्फत प्राप्त धारणा र तथ्याङ्कको विश्लेषण गरी यो आलेख तयार पारिएको हो।

यस आलेखमा उल्लेख गरिएको विषय मोरङ र झापा जिल्लाका सन्थाल समुदायका बालबालिकाको शिक्षाको अधिकार सम्बद्ध सरोकारका बारेमा गरिएको हो। समग्रमा सन्थाल बालबालिकाको शिक्षाको अवस्था सम्बन्धमा प्रारम्भिक जानकारी प्रदान गर्ने अपेक्षा गरिएको छ।

### गरिबीको दुष्चक्रमा बालबालिकाको शिक्षा

झापा र मोरङका ३२ स्थानीय तहमध्ये सन्थाल/सतार समुदायका बालबालिका अध्ययनरत २९ स्थानीय तहका २९ जना महिला र २९ जना पुरुष गरी ५८ जना सन्थाल/सतार समुदायका अभिभावकसँग बालबालिकाको शिक्षाको अवस्था र चुनौतीका विषयमा छलफल गर्दा गरिबीका कारण शिक्षाको अवसरबाट आफ्ना छोराछोरीले बिचैमा पढाइ छोड्नु परेको बताउँछन्। छलफलका सहभागी अभिभावक कमजोर आर्थिक अवस्थाका कारण छोराछोरीको पढाइमा लगानी गर्न नसकिएको दुखेसो

गर्दछन्। मोरङको जहदा गाउँपालिका-२ का ५७ वर्षीय मोतीराम हेमरमले आर्थिक अवस्था कमजोर हुँदा आफ्ना चार जना छोरीले आधारभूत तहमै विद्यालय छोडेको बताए।

सरकारले नि:शुल्क शिक्षाको व्यवस्था गरेको भए पनि दैनिक घर खर्च धान्न आधारभूत तहका र माध्यमिक तहका बालबालिका विद्यालय छोडी अन्य काममा संलग्न हुने गरेको विद्यालयका शिक्षक तथा प्रशासकहरूले बताए। अधिकांश सन्थाल/सतार समुदायका अभिभावकहरू अरूको खेती अधिया वा दैनिक ज्यालादारी गरेर जीवन गुजार्ने भएका कारण उनीहरूले छोराछोरीलाई आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा दिलाउन नसकेको झापा कमल गाउँपालिकाका सन्थाल युवा समूहका सदस्यले जानकारी दिए।

समुदायमा शिक्षाको महत्वका बारेमा चेतना प्रसार हुन नसकेकै कारण सन्थाल/सतार समुदायका बालबालिकाले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा पूरा नगरेको झापा गौरीगञ्ज गाउँपालिकाको सन्थाल युवा समूहमा गरिएको अन्तरक्रियाको निष्कर्ष रहेको छ। कमजोर आर्थिक अवस्था र शिक्षाको महत्व बुझाउन नसक्दा सन्थाल/सतार समुदायका बालबालिकाकालाई आधारभूत र माध्यमिक तहसम्मको शिक्षा दिलाउन मुस्किल हुने मोरङ रतुवामाई नगरपालिका शिक्षकहरूसँग गरिएको अन्तरक्रियाको निष्कर्ष छ।

विद्यालय भर्ना भएका विद्यार्थीहरू अधिकांशले विद्यालय छाड्ने विद्यालयको तथ्याङ्कमा देखिन्छ। नेपाल सरकारले शैक्षिक सूचना व्यवस्थापन प्रणाली( इमिस) का माध्यमबाट हरेक विद्यालयमा विद्यार्थीको अभिलेख राख्ने गरेको छ। झापाका ५५ र मोरङका ५० गरी १ सय ५ ओटा आधारभूत विद्यालयको तथ्याङ्कलाई आधार मान्ने हो भने २०७७ र ७८ मा आधारभूत तहमा ३० हजार ३ सय १२ जना र माध्यमिक तहमा ६ हजार ३ सय ६७ विद्यार्थीले विद्यालय छोडेको तथ्याङ्क पाइनुले सन्थाल। सतार समुदायका बालबालिकाको शिक्षाको सहभागिता र विद्यालय छोड्ने अवस्था देखाउँछ। भर्ना र विद्यालय छोड्ने दरमा देखिएको यो भयावह अवस्थाको अन्त्य गर्न स्थानीय तह र सरोकारवालाको पहलकदमीको खाँचो देखिन्छ।

**मातृभाषामा शिक्षा पाउँदैनन् सन्थाल बालबालिका**

आधारभूत तहमा मातृभाषामा कक्षा सञ्चालन गर्न पाइने व्यवस्था नेपालको संविधानको धारा ३१ ले गरेको छ। तर, झापा र मोरङमा रहेका सन्थाल समुदायका बालबालिकाले मातृभाषामा अझै शिक्षा पाउन सकेका छैनन्। नेपालको संविधानको शिक्षासम्बन्धी हकको उपधारा ५ मा 'नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ' भन्ने व्यवस्था छ। तर, झापा र मोरङमा सन्थाल समुदायको बाक्लो बस्ती रहेको भए पनि स्थानीय सरकारले सन्थाली मातृभाषामा कक्षा सञ्चालन गर्न सकेका छैनन्। जसका कारण मातृभाषामा शिक्षा पाउने अधिकारबाट यस समुदायका बालबालिका वञ्चित छन्।

सन्थाली मातृभाषामा झापा र मोरङका सबै स्थानीय तहले कक्षा सञ्चालन गर्न सकेका छैनन्। सन्थाली लिपी भए पनि भाषा विज्ञ नहुँदा सन्थाली भाषामा कक्षा सञ्चालन गर्न नसकेको स्थानीय तहहरूले जनाएका छन्। मातृभाषामा कक्षा सञ्चालन नहुँदा आधारभूत तहमै सन्थाल बालबालिकाले विद्यालय छाड्ने गरेको शिक्षक वीरसिंह हस्दाको अनुभव छ।

**छात्रवृत्तिले मात्र हुन्न समस्या समाधान**

नेपाल सरकारले आर्थिक वर्ष २०५२/०५३ देखि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत छात्रवृत्ति कोषको स्थापना गरी आधारभूत तह (०६६ देखि १-८) विद्यालयमा भर्ना भएका दलित, अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिका र बालिकाहरूलाई छात्रवृत्ति दिँदै आएको छ। सीमान्तकृत समुदायका बालबालिकालाई मासिक ५ सय रुपियाँ र अरूलाई मासिक ४ सय रुपियाँ छात्रवृत्तिका रूपमा दिइएको पनि सन्थाल समुदाय आर्थिक हिसाबले सबैभन्दा पछाडि परेको हुँदा यस समुदायका बालबालिकाको शिक्षामा खास प्रगति हुन नसकेको नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका केन्द्रीय अध्यक्ष सुन्दर बेस्राको भनाइ छ।

**विद्यालय छाडेर ज्यामी काम**

आर्थिक अवस्था कमजोर भएका सन्थाल समुदायका ८० प्रतिशत बालबालिका १४ वर्ष उमेर नपुगी श्रममा लाग्ने गरेको नेपाल सन्थाल आदिवासी

उत्थान सङ्घका केन्द्रीय अध्यक्ष सुन्दर बेस्राको अनुभव छ। बाल अधिकार कानुन २०७४ विपरीत यस समुदायका अधिकांश बालबालिका आधारभूत आवश्यकता पूरा गर्न  श्रम गर्न बाध्य भएको अध्ययनका क्रममा पाइएको छ। यस समुदायका अधिकांश बालबालिका कृषि मजदुर तथा ज्यामी काममा संलग्न भएको पाइयो। बालश्रम मुक्त राष्ट्र निर्माण गर्ने कानुनी, संवैधानिक र अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत राज्यका निकाय, निजी क्षेत्र र अनौपचारिक क्षेत्रमा श्रम गर्ने सन्थाल समुदायका बालबालिकाको अधिकार रक्षाका लागि राज्यको जबाफदेहिता निगरानी र त्यसउपर गरिने वकालतको प्रभाव थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

ज्याला मजदुरी गरी परिवारको आर्थिक गर्जो टार्नुपर्ने अवस्थामा अधिकांश बालबालिका रहेको नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका पदाधिकारीसँग गरिएको छलफलको निचोड छ। छात्राहरूले आधारभूत तह पूरा नगरी विवाह गर्ने र अधिकांश छात्रहरूले आधारभूत तहमै पढाइ छोडी ट्र्याक्टर चालक वा ज्यामी मजदुरका रूपमा काम गर्ने अवस्था रहेको नेपाल सन्थाल विकास सङ्घ, झापाको अध्ययन प्रतिवेदनले देखाएको छ।

**स्थानीय सरकारको प्रयास**

मोरङको जहदा गाउँपालिका वीरपुरमा सन्थाल समुदायको घनाबस्ती छ। यहाँ एउटा सामुदायिक विद्यालयको नामै सन्थाल आधारभूत विद्यालय राखिएको छ। यसबाहेक झापा र मोरङका कुनै पनि स्थानीय तहले सन्थाल समुदायका बालबालिका लक्षित शिक्षाका कार्यक्रम सञ्चालन गरेका छैनन्। जहदा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमध्ये तीन ओटा विद्यालयमा अधिकांश विद्यार्थी सन्थाल समुदायका भए पनि उनीहरूको शैक्षिक अवस्था आशालाग्दो नरहेको यस अध्ययनका क्रममा पाइयो। जहदा गाउँपालिकालाई सङ्घीय सरकारले आर्थिक वर्ष ०७७/०७८ मा उपलब्ध गराएको सशर्त अनुदानमा तलब ५ करोड ५५ लाख रुपियाँ थियो। जहदा गाउँपालिकामा तीन ओटा विद्यालयमा सन्थाल विद्यार्थीमात्र पढ्ने गरेका छन्।

सन्थाल बालबालिकामात्रै अध्ययन गर्ने विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन गर्न नसक्दा आधारभूत तहमै उनीहरूलाई टिकाइ राख्न समस्या भएको जहदा गाउँपालिकाकी उपाध्यक्ष हन्ना सोरेनले यस अध्ययनका लागि गरिएको छलफलमा बताइन्। सन्थाल आधारभूत विद्यालय, बैरिया मावि, भानुभक्त आधारभूत विद्यालय र आदर्श आधारभूत विद्यालय मिलन चोकमा केही बाहेक अधिकांश सन्थाल समुदायका बालबालिका अध्ययनरत छन्। जहदा गाउँपालिकाबाट शिक्षामा छुट्याएको रकम २ करोड ३५ लाख रुपियाँमध्ये करिब १ करोड रुपियाँ तलबमा खर्च गर्ने र बाँकी १ करोड ३५ लाख रुपियाँ शैक्षिक सुधारका लागि गाउँपालिकाले खर्चिए पनि सकारात्मक उपलब्धि हासिल हुन सकेको छैन।

जहदा गाउँपालिका बाहेकका सन्थाल समुदायको मुख्य बसोबास भएका झापा र मोरङका स्थानीय सरकारले स्थानीय सरकार गठनयता सन्थाल समुदायका बालबालिका लक्षित शिक्षाको कुनै पनि कार्य गरेका छैनन्। शिक्षाको अधिकार सुनिश्चित गर्न संविधानले गरेको व्यवस्था अनुसार माध्यमिक तहसम्म स्थानीय तहको प्रमुख जिम्मेवारी रहन्छ। विद्यालय छोड्नुपर्ने बाध्यता र सम्बद्ध सरोकार सम्बोधन गर्न लक्षित सन्थाल समुदायका बालबालिकाहरूका लागि शैक्षिक र पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूलाई जबाफदेही बनाउनुपर्ने आवश्यकता रहेको छ।

**नीतिमा मात्र सीमित अधिकार, विवेचना**

नेपालको संविधान धारा ३१ को उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न उपधारा २ बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। उपधारा ५ ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को परिच्छेद २ को बुँदा १५ मा शिक्षाको अधिकारलाई व्यवस्था गरिएको छ।

जसअनुसार ६ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तरअनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार, प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार र प्रत्येक बालबालिकालाई

आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानुनबमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुने सुनिश्चित गरेको छ। प्रदेश १, सरकारले पनि आफ्नो कानुन प्रदेश नं. १ बालबालिका संरक्षण ऐन, २०७७ को दफा को उपदफा २ मा आफ्ना छोराछोरी वा आफ्नो संरक्षणमा रहेका बालबालिकाको स्याहार, हेरचाह र पालनपोषण गर्नु, शिक्षा, स्वास्थ्योपचार लगायत खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको अवसर उपलब्ध गराउनु बाबु, आमा वा संरक्षकको दायित्व हुने उल्लेख छ।

## निष्कर्ष

शिक्षाको महत्त्वका बारेमा रहेको कमजोर बुझाइ र कमजोर आर्थिक अवस्थाका कारण सन्थाल समुदायका बालबालिकाले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा पूरा गर्न नसकेको देखिन्छ। सीमान्तकृत समुदाय लक्षित स्थानीय तथा अन्य तहका सरकारी कार्यक्रमहरूले यस समुदायको गरिबी निवारण र बालबालिका शिक्षाको सुधारका लागि आवश्यक योगदान गर्न सकेको देखिँदैन।

बालश्रमको अन्त्य गर्न सरकार, निजी क्षेत्र र अनौपचारिक क्षेत्रको एकीकृत पहलकदमी हुन नसक्नुले सन्थाल समुदायका बालबालिका बालबालिकासम्बन्धी कानुन २०७४, नेपालको संविधान तथा अन्तराष्ट्रिय प्रतिबद्धता विपरीत आज पनि बालश्रम गर्न बाध्य रहेको देखिन्छ। बाल श्रमको हालको अवस्था अन्त्य गर्न कानुन कार्यान्वयन तथा जनचेतनाको कमी रहेको अध्ययनका क्रममा व्यक्त धारणाहरूले प्रष्ट्याएको छ।

कृषि मजदुरी र लक्षित समुदायका लागि परिचालित आयोजनाहरूबाट सन्थाल समुदायले लाभ लिन नपाएको देखिन्छ।  साथै प्रमुखतः मातृ भाषामा शिक्षाको अभाव, कानुन कार्यान्वयन नभएको अवस्था लगायतका समस्याले यस समुदायका बालबालिकाको शिक्षामा प्रतिकूल प्रभाव पार्दै आएको देखिन्छ।

## सुझाव

सन्थाल समुदायका बालबालिकाहरूको विद्यालय छोड्ने दर अधिक रहेकोले सोको न्यूनीकरणका लागि विद्यालय शिक्षाको संयन्त्र भित्र एकीकृत कार्यक्रमको आवश्यकता देखिन्छ। प्रदेश र सङ्घीय सरकारले बालबालिकाको शिक्षाका लागि परिवारको आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सुरक्षा गर्न तथा स्थानीय तहहरूले सन्थाल समुदायका बालबालिकाको शिक्षाको अवस्था सुधार गर्न आवधिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। अति सीमान्तकृत समूहमा पर्ने यो समुदायलाई शिक्षाको मूलप्रवाहमा ल्याउन अभिभावकसहित बालबालिकामा शिक्षाको चेतना फैलाउन अत्यन्त जरूरी छ।

सन्थाल समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच सुधार गर्न छात्रवृत्ति, विद्यालय छोड्ने दर कमी गर्न विशेष शैक्षिक कार्यक्रम तथा पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक देखिन्छ। स्थानीय सरकारहरू, नागरिक संस्थाहरू तथा शैक्षिक संस्थाको संयुक्त प्रयासमार्फत जनचेतना, गरिबी न्यूनीकरण र कानुन कार्यान्वन गरी बालश्रमको अवस्था अन्त्य गर्दै यस समुदायमा भएको गरिबीको दुष्चक्र अन्त्य गर्नु जरुरी देखिन्छ। यसका लागि सरकारी तथा गैरसरकारी एवम् निजी क्षेत्रको साझेदारी पहल आवश्यक छ।

## सन्दर्भ सामग्री


१. सन्थाल जातिको संस्कार र संस्कृति (डा.सीता शिवाकोटी (ओली)

२. झापा र मोरङका स्थानीय तहका सूचना अधिकारी

३. झापा र मोरङका सामुदायिक विद्यालयका प्रधानाध्यापक

४. शैक्षिक सूचना व्यवस्थापन प्रणाली(इएमआइस्)

५. शिक्षा विकास तथा समन्वय इकाइ, झापा र मोरङ

६. मानव अधिकारसम्बन्धी नौ ठूला महासन्धि

७. नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका केन्द्रीय अध्यक्ष,

८. सुन्दर बेस्रा

९. नेपालको संविधान, २०७२

१०. प्रदेश १ को बालबालिका संरक्षण कानुन

११. अर्जुन राजवंशी (कान्तिपुर दैनिक झापा, पत्रकार)